Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: ३१२ | वि.सं. २०८२ फागुन २० बुधवार | नेपाल संवत: ११४५, चैत्र कृष्णपक्ष प्रतिपदा | Wednesday 4 March 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## कर्णालीमा चुनावको तयारी पुरा

# भोट दिन मतदाता तम्तयार



◣ओम शाही
सुर्खेत, १९ फागुन ।

कर्णाली प्रदेशमा बिहिबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सम्पूर्ण तयारी पुरा भएको छ । प्रदेशका नौ सय ४१ मतदान स्थलमा कर्मचारी र निर्वाचन सामग्री पुगेसँगै तयारी पुरा भएको प्रदेश निर्वाचन कार्यालय सुर्खेतका सूचना अधिकारी नन्दराम चौलागाईले जानकारी दिए ।

'कर्णालीका नौ सय ४१ मतदान स्थलमा मतपत्र, मतपेटिका लगायतका सामग्रीसहित निर्वाचन अधिकृत, कर्मचारी र सुरक्षाकर्मीहरु पुग्नु भएको छ,' चौलागाईले भने, 'हुम्ला र डोल्पाका २४ मतदान स्थलमा हेलिबाट कर्मचारी र निर्वाचन सामग्री पुऱ्याइएको छ । समर्गमा मतदानअघिका सबै तयारी पुरा भएको अवस्था छ ।'

उनले निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृतका कार्यालयको तयारी र प्रदेशभरको सुरक्षा व्यवस्था हेर्दा कुनै भव्यतव्य नभए चुनाव हुने निश्चित भएको बताए । चुनावको तयारी पुरा भएसँगै मतदाताहरु भोट हाल्न तम्तयार भएर बसेका छन् । अहिले अध्ययन, रोजगारी, व्यापार व्यवसायको शिलशिलामा बाहिरिएकाहरु धमाधम घर फर्किरहेका छन् ।

कर्णालीमा नौ सय ४१ मतदान स्थल र एक हजार चार सय ३७ मतदान केन्द्र छन् । कर्णाली प्रदेश प्रहरीका कार्यालयका अनुसार प्रदेशभर नौ सय ४१ मतदान स्थलमध्ये सात सय ७९ मतदान स्थल संवेदनशील मानिएका छन् । यसमा चार सय २० संवेदनशील, तीन सय ५९ अति संवेदनशील, एक सय ६२ सामान्य छन् ।

त्यस्तै, कर्णालीमा १८ मतदान स्थल अस्थायी छन् । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक रामप्रकाश शाहका अनुसार एक हजार चार सय ३७ मतदान केन्द्रमध्ये एक हजार एक सय मतदान केन्द्र संवेदनशील छन् । जसमा संवेदनशील ६ सय ५९, अति संवदेनशिल चार सय ४१ र तीन सय एक सामान्य मतदान केन्द्र छन् ।

प्रदेशभर १० लाख ३७ हजार दुई सय ५० मतदाता छन्, भने १२ निर्वाचन क्षेत्रमा एक सय ३८ जनाले उम्मेदवारी दिएका छन् । प्रहरी प्रवक्ता शाहका अनुसार कर्णालीमा चुनाव लक्षित सुरक्षा व्यवस्थालाई चुस्त बनाइएको छ । हालसम्म कर्णालीमा कुनै पनि सुरक्षा चुनौती नरहेको उल्लेख गर्दै शाहले नेपाल प्रहरी, सशस्त्र प्रहरी, निर्वाचन प्रहरी र नेपाली सेना गरी झण्डै १५ हजार सुरक्षाकर्मी चुनावी सुरक्षार्थ तैनाथ गरिएको बताए ।

उनले कर्णालीका अति संवेदशिल मतदान स्थलमा देखिन सक्ने सुरक्षा चुनौतीलाई सम्बोधन गर्न नेपाली सेनाको हेलिकप्टर तयारी अवस्थामा राखिएको बताए । 'कर्णालीमा मौसमी प्रतिकुलता बाहेक अन्य कुनै पनि सुरक्षा चुनौती देखिएका छैनन् । प्रदेशभर निर्वाचन अधिकृतहरु निर्वाचन सामग्रीसहित मतदान स्थलमा पुग्नु भएको छ,' उनले भने, 'चुनावलाई भयरहित स्वच्छ र निष्पक्ष बनाउन तीन वटै सुरक्षा निकाय आवश्यकता अनुसार खटिएको अवस्था छ । सुरक्षाकै कारण मतदान प्रभावित हुने वा स्थगित हुने अवस्था छैन ।'

### अनुमति बिना सवारी चलाउन निषेध

सरकारले बिहिबार हुने मतदान अवधिभर निजी तथा सार्वजनिक सवारी सञ्चालनमा रोक लगाएको छ । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउँन बुधबार राति १२ बजेदेखि बिहीबार मतदान कार्य सम्पन्न नहुँदासम्म अनुमती बिना सवारी चलाउन पाइने छैन ।

यद्यपी, एम्बुलेन्स, खानेपानीका ट्याङ्कर, दुध ढुवानी गर्ने सवारी, दमकल, दूरसञ्चार सेवा, शव बाहन, अस्पताल सेवा तथा विद्युत सेवा जस्ता अत्यावश्यक सेवा प्रवाह गर्ने सवारी सञ्चालनमा रोक लगाएको छैन । त्यस्तै, नम्बर प्लेटमा सिडी उल्लेख भएका कुटनीतिक नियोगका सवारी तथा अनुमति प्राप्त सवारी साधन बाहेक अन्य सवारी साधनलाई कर्णालीका १० वटै जिल्लामा रोक लगाइएको छ ।

### आचारसंहिता पालना गर्न आग्रह

प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, मर्यादित, मितव्ययी र पारदर्शी बनाउन निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिता २०८२ लाई पालना गर्न जिल्ला प्रशासन कार्यालयहरुले आग्रह गरेका छन् ।

मंगलबार रातीदेखि सुरु भएको मौन अवधिभर दलका उम्मेदवार, दलका भातृ संगठन लगायत सम्बन्धित आचारसंहिता पालना गर्न आग्रह गरिएको जिल्ला प्रशासन कार्यालय सुर्खेतका सहायक प्रमुख जिल्ला अधिकारी एवम् निर्वाचन आचारसंहिता

▶▶ बाँकी ४ पेजमा

## बाँके क्षेत्र नं. २ मा उच्च सुरक्षा सतर्कता

# सीमा सिलदेखि मतदानस्थलसम्म कडा निगरानी

◣सरला सुवेदी
बाँके, १९ फागुन ।

प्रतिनिधिसभा सदस्य निर्वाचनलाई सुरक्षित, भयरहित र व्यवस्थित रूपमा सम्पन्न गराउन बाँके क्षेत्र नं. २ मा सुरक्षा सतर्कता उच्च पारिएको छ । निर्वाचन सुरक्षा समितिको टोलीले सीमा क्षेत्रदेखि संवेदनशील मतदानस्थलसम्म स्थलगत निरीक्षण गर्दै समग्र सुरक्षा अवस्थाको अनुगमन गरेको हो ।

अनुगमन टोलीको नेतृत्व बाँकेका प्रमुख जिल्ला अधिकारी दिल कुमार तामाङले गरेका थिए । टोलीमा नेपाल प्रहरीका प्रहरी उपरीक्षक अंगुर जिसी, सशस्त्र प्रहरी उपरीक्षक भीम चन्द, नेपाली सेनाका बज्र दलका प्रमुख सेनानी राम चन्द्र श्रेष्ठ तथा राष्ट्रिय अनुसन्धान विभाग बाँकेका प्रमुख हरिष बहादुर विष्ट लगायत सुरक्षा निकायका प्रतिनिधिहरू सहभागी भएका थिए । टोलीले सीमा क्षेत्र, संवेदनशील मतदान केन्द्र, कर्मचारी परिचालन अवस्था तथा आवश्यक सुरक्षा समन्वयबारे विस्तृत जानकारी लिँदै तयारीको समीक्षा गरेको थियो ।

**मध्यरातदेखि सीमा नाका सिल**

निर्वाचनलाई लक्षित गर्दै सोमबार मध्यरातदेखि सीमा नाका सिल गरिएको प्रशासनले जनाएको छ । अत्यावश्यक सेवासँग सम्बन्धित आवागमनबाहेक अन्य सबै आवागमनमा रोक लगाइएको छ । मतदान केन्द्रहरूमा कर्मचारी तथा सुरक्षा निकायका टोलीहरू पुगिसकेको र आवश्यक तयारीलाई तीव्र पारिएको बताइएको छ ।

**सर्वपक्षीय बैठकबाट ११ बुँदे प्रतिबद्धता**

यसैबीच नेपालगञ्ज-१४ भवानीयापुरस्थित महेन्द्र माध्यमिक विद्यालय मतदान केन्द्रमा सर्वपक्षीय बैठक सम्पन्न भएको छ । मतदान अधिकृत कर्मध्वज छत्यालका अनुसार निर्वाचनलाई शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्न गर्न राजनीतिक दलहरूले साझा प्रतिबद्धता व्यक्त गरेका छन् ।

बैठकबाट मतदान प्रक्रिया भयरहित वातावरणमा सम्पन्न गर्ने लक्ष्यसहित ११ बुँदे निर्णय गरिएको मतदान केन्द्रका मतदान अधिकृत धनबहादुर शाहीले जानकारी दिए । उक्त क्षेत्रमा वरिष्ठ प्रहरी नायब निरीक्षक मोहम्मद तकि खाँको नेतृत्वमा चार वटा मतदान केन्द्रमा सुरक्षा व्यवस्था कडा पारिएको छ ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना व्यापक रूपमा परिचालन गरिएको छ । निर्वाचनको मिति नजिकिँदै जाँदा बाँकेमा सुरक्षा संयन्त्र पूर्ण सतर्कताका साथ तयारीमा जुटेको देखिन्छ । प्रशासनले शान्तिपूर्ण, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गर्न सबै पक्षसँग सहकार्य गर्न आह्वान गरेको छ ।

# नाग्म-गमगढी सडक कालोपत्र गर्न ठेक्का आह्वान

◣युग संवाददाता
जुम्ला, १९ फागुन ।

राराताल जाने नाग्म-गमगढी सडकको कालोपत्र गर्ने ठेक्का आह्वान गरिएको छ । बजेट अभावका कारण झन्डै तीन वर्षदेखि रोकिएको उक्त सडक यस वर्ष नाग्मदेखि हिमा गाउँपालिकाको देवारगाउँसम्मको करिब १५ किलोमिटर कालोपत्र गर्न बोलपत्र आह्वान गरिएको हो ।

सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख श्रवणकुमार महताराका अनुसार यही फागुन १७ गते सार्वजनिक सूचनामार्फत ठेक्का आह्वान गरिएको हो । यसका लागि कुल रु ९१ करोड ६६ लाख बजेट स्वीकृत भइसकेको छ । ठेक्का प्रक्रियाबाट स्वीकृत प्रस्तावअनुसार लागत निर्धारण गरिने छ ।

नाग्मदेखि देवारगाउँसम्मको १५ किलोमिटर खण्डमा उच्चस्तरीय कालोपत्र, विशेषगरी अस्फाल्ट कङ्क्रिट प्रविधि प्रयोग हुने भएको छ । नाग्म-गमगढी राजमार्गका लागि बहुवर्षीय बजेटसमेत स्वीकृत भइसकेकाले दीर्घकालीन रूपमा निर्माण कार्यले निरन्तरता पाउने अपेक्षा गरिएको कार्यालय प्रमुख महताराको भनाइ छ ।

चार वर्षअगाडि यहाँको कनकासुन्दरी गाउँपालिका क्षेत्रमा करिब ६ किलोमिटर मात्र कालोपत्र गरिएको थियो । बजेटको सुनिश्चिता नहुँदा नाग्म-गमगढी सडक स्तरवृद्धि हुन सकेको थिएन । अब बजेटको सुनिश्चित भएसँगै कालोपत्रको कामलाई तीव्र गतिमा अगाडि बढ्ने प्रमुख महताराले बताए । नाग्म-गमगढी सडक स्तरवृद्धि नुहँदा राराताल आउने पर्यटकलाई सास्ती हुने गरेको थियो ।






## सम्पादकीय....

# आचारसंहिता पालना गरौं !

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि दुई दिनअघिदेखि मौन अवधि सुरु भएको छ। सोमबार राती १२ बजेबाट चुनावी आचारसंहिता अनुसार मौन अवधि सुरु भएको हो। मौन अवधि सुरु भई मतदान सम्पन्न नभएसम्मका लागि राजनीतिक दल हुन वा उनका समर्थकले कसैको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्न र मत प्रभावित गर्न पाउने छैनन्। यसअवधिमा मतपरिणाम आफ्नो पक्षमा पार्न कुनै पनि चुनावी गतिविधि गरेको पाइए कानून बमोजिम त्यस्ता कार्यमा संलग्न दल, उम्मेदवार र समर्थक वा कार्यकर्तालाई कारवाही हुनेछ। मौन अवधिको अनुमगन निर्वाचन आचारसंहिताअनुसार २४ सैं घण्टा गरिने निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए। चुनावी प्रचार प्रसारको ज्वरो शान्त होस्, मतदातालाई स्वतन्त्र निर्णय गर्ने समय रहोस्, मतदानको समयमा अप्रिय घटना नहोस् भनेर मौन अवधि राखिने गरिन्छ। उम्मेदवारका चुनावी गतिविधि पनि मौन रहने भएकाले मौन अवधिले चुनावी वातावरण बनाउने गर्छ। मौन अवधि सुरु भएपछि निर्वाचन अधिकृतको कार्यालयले सम्बन्धित दल वा उम्मेदवारलाई मतदान केन्द्रको तीन सय मिटर वरपर प्रचार प्रसारका सामाग्री राख्न दिँदैन।

दल वा उम्मेदवारका प्रचार प्रसारका सामग्री हटाउनुपर्ने, कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न वा निर्वाचन प्रचार प्रसार गरे आचारसंहिताको उल्लघंन हुन्छ। मौन अवधिमा चुनाव प्रचार प्रसार लगायतका कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न पाइँदैन। त्यस्तै, सामाजिक सञ्जालमार्फन पनि कसैको पक्ष वा विपक्षमा प्रचार गर्न वा भोट माग्न पाइँदैन। त्यस्तै, सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचार प्रसारका सामग्री पोष्ट वा सेयर गर्न वा गराउन पाइने छैन। मतदान हुने दिनको अघिल्लो अठचालीस घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुञ्जेलसम्म राजनीतिक दलका पदाधिकारी वा उम्मेदवार तथा दलको भ्रातृ संगठन वा सम्बन्धित व्यक्तिले आचरण पालन गर्नुपर्ने आयोगले भनेको छ। निर्वाचन कसुर तथा सजाय ऐन, २०७३ को दफा २४ उपदफा ५ र निर्वाचन आचारसंहिता, २०७९ को दफा १७ बमोजिम यस अवधिमा राजनीतिक दलका पदाधिकारी, उम्मेदवार, दलको भ्रातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले निर्वाचन आचारसंहिता प्रतिकूलका कुनै पनि गतिविधि नगर्नसमेत आयोगले आग्रह गरेको छ।

निर्वाचन प्रचारप्रसार निषेध गरिएको अवधिमा उपरोक्त बमोजिम कार्य भए गरेको पाइएमा केन्द्रीय आचारसंहिता अनुगमन समिति, आचारसंहिता अनुगमन टोली, जिल्ला आचारसंहिता अनुगमन समिति, स्थानीय प्रशासन, सुरक्षाकर्मी, अनुगमन अधिकृतबाट समेत सूक्ष्म अनुगमन गरी कारबाही गरिने आयोगले जनाएको छ। आचारसंहिताको मुख्य उद्देश्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, मर्यादित, मितव्ययी र पारदर्शी बनाउन सघाउ पुर्‍याउँछ। निर्वाचन लोकतन्त्रको सुन्दर पक्ष हो। जहाँ आमनागरिकले स्वस्फुर्तरुपमा आफ्नो मत प्रकट गर्ने अवसर पाउँछन्। तर भोट माग्ने नाममा राजनीतिक दल र तिनका उम्मेदवार र समर्थकहरुले मतदाताई आफ्नो प्रभावमा पार्न कानुनले रोकेका गतिविधि आन्तरिकरुपमा गरिरहेको पाइन्छ। यसर्थ, यस्ता गतिविधि रोक्न नियामक निकायले आचारसंहिताको पाठ पढाएर मात्र हुँदैन। आममतदातालाई पनि मौन अवधिमा गर्न हुने र नहुने क्रियाकलापका बारेमा सचेत गराइनु पर्दछ। आचारसंहिता पालना भएनभएको एकिन गर्न प्रशासनले अनुगमनको पाटोलाई व्यापक विस्तार गर्न जरुरी छ। अनुगमनका क्रममा दोषी देखिए कानुनमा भएको व्यवस्था अनुसार कडा कारवाही भएमात्रै आचारसंहिताको प्रभावकारिता बढ्छ।

# निर्वाचन अमूल्य मत सदुपयोगको अवसर



✍ कृष्ण अधिकारी/रासस




लोकतान्त्रिक प्रणालीमा मतदान औपचारिक कर्म मात्रै होइन, राज्य प्रणालीमा नागरिकको सहभागिता, अधिकार र प्रतिनिधित्व हुने अवसर पनि हो। लोकतन्त्रको आधारस्तम्भ भनेको स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन नै हो। निर्वाचनबाट प्रतिनिधि छानिने मात्र होइन; जनताको सार्वभौम अधिकार प्रयोग गर्ने सबैभन्दा महत्वपूर्ण माध्यम हो। समाजमा आर्थिक, सामाजिक वा सांस्कृतिक असमानता भए पनि मताधिकारका हिसाबले सबै नागरिकलाई समान छन्। लोकतन्त्रमा सबै नागरिक बराबर हुन्छन् भन्ने सिद्धान्तले समाजमा रहेको वर्गीय, लैङ्गिक वा क्षेत्रीय विभाजनलाई कम गर्न मद्दत गर्छ। त्यसैले एउटा मत धनीको होस् वा गरिबको, शिक्षितको होस् वा अशिक्षितको सबैको मतको मूल्य समान हुन्छ। यही समानता लोकतन्त्रको नैतिक र राजनीतिक शक्ति हो। गरिब-धनी, शिक्षित-अशिक्षित, सहर-गाउँ, महिला-पुरुष सबैको मत बराबर हुन्छ। त्यसैले लोकतान्त्रिक मुलुकमा निर्वाचन र जनताको मताधिकारलाई उच्च महत्वका साथ हेर्ने गरिन्छ।

लोकतन्त्रमा हरेक मतको अर्थ रहेको हुन्छ। एउटा मतले कुनै राजनीतिक दललाई निर्वाचित गरी बहुमत दिएर सरकारमा पठाउँछ भने अर्कोतिर पराजित मतले एक बलियो प्रतिपक्षी दलको निर्माण गर्दछ। विजय गराउन नपुग भएको मतबाट नै सशक्त प्रतिपक्ष दल बन्ने हुँदा लोकतन्त्रमा निर्वाचन प्रणालीको विशिष्ठ महत्व रहन्छ भन्ने मान्यतालाई स्वीकार गरिएको हुन्छ। विजयी मतले जत्तिकै महत्व पराजित मतको पनि रहने हुँदा हरेक मतदाताले गरेको मतदान खेर जाँदैन। कुनै पार्टीलाई दिएको मत सरकार निर्माण गर्न होस् वा प्रतिपक्षमा उभ्याउन, दुबै अवस्थामा सरकारलाई जवाफदेहिता, पारदर्शीता र उत्तरदायित्वका लागि दबाब दिन काम लाग्छ। लोकतन्त्रको मूल मान्यता भनेकै एक व्यक्ति, एक मत, समान मूल्य हुनु हो।

निर्वाचनमा जनताको स्वतन्त्र सहभागिता, प्रतिस्पर्धा र समावेशीताले लोकतान्त्रिक मूल्यमान्यतालाई मजबुत बनाउन बल पुग्दछ। लोकतन्त्रको सरातत्व नै जनताको अभिमतमा आधारित शासन प्रणाली भएकाले निर्वाचनका माध्यमबाट त्यसको सुनिश्चित गरिएको हुन्छ। कुनै पार्टी वा उम्मेदवारलाई मत दिँदा सङ्ख्यात्मक हिसाबले जित हार हुने हो, हरेक मतको उत्तिकै महत्व रहेको हुन्छ। त्यही एक मतले जित र हारको निर्णय गर्ने भएकाले सबै मतले बराबर हैसियत राख्दछ। प्रत्येक मतदाताको मतको मूल्य समान हुन्छ। प्रत्येक मतदाताले मतदान केन्द्रमा पुगेर मत हाल्दा आफ्नो भविष्य, राज्यको दिशा र शासनको स्वरूप निर्धारण गरिरहेको हुन्छ।

> "मिश्रित वा समानुपातिक प्रतिनिधित्व प्रणालीले विविध समुदायको मतलाई प्रतिनिधित्व दिलाउन सहयोग गर्छ।

राजनीतिक प्रणालीमा भएका कमीकमजोरीलाई सच्याउन पनि निर्वाचन नै जरुरत पर्दछ। विश्वका कतिपय मुलुकमा पछिल्लो समय 'नो भोट' वा 'राइट टु रिजेक्ट' वा 'नन अफ दि एबोभ' प्रणाली (नोटा) जस्ता अभ्यासहरू पनि प्रयोगमा आएका छन्। यसले नागरिकलाई असन्तुष्टी अभिव्यक्त गर्ने ठाउँ दिए पनि लोकतन्त्रलाई बल पुग्दैन। यसले राजनीतिक नैराश्यता ल्याउने मात्र होइन, असर उम्मेदवार पराजित हुने र खराव वा आर्थिक चलखेल गर्ने व्यक्तिलाई राज्य सञ्चालनमा पुर्‍याउने खतरा ल्याउने हुँदा हरेक मतदाताले आफ्नो मताधिकार प्रयोग गर्ने नैसर्गिक अधिकारको उपयोग गरी असल व्यक्तिलाई चयन गर्ने अवसरबाट बञ्चित हुन दिनु हुँदैन। निर्वाचन बहिस्कार वा असहमतिको फाइदा नागरिकले पाउन सक्दैनन्। सही प्रतिनिधित्वबाट नै राजनीतिलाई सुधार गर्न सकिन्छ र लोकतान्त्रिक अभ्यासलाई सुदृढ गर्न सकिन्छ। निर्वाचन भनेको लोकतन्त्रको आधारशिला हो, जुन जनसहभागिताबिना पूर्ण हुन सक्दैन।

मतदान नै जनताको आवाज सरकारसम्म पुग्ने औपचारिक माध्यम भएकाले नागरिकले आफ्नो मतमार्फत नीति, नेतृत्व र शासन प्रणालीप्रति समर्थन वा असहमति जनाउँछन्। प्रत्येक मतले शासनको दिशा तय गर्छ, नीति निर्माणलाई प्रभावित गर्छ र राज्यको वैधता सुनिश्चित गर्छ। नागरिकमा आफ्नो मतको कुनै मूल्य छैन भन्ने निराशा जाग्न दिनु हुँदैन। मतको मूल्य घट्दा पैसाको प्रभाव बढ्छ। यसले स्वच्छ प्रतिस्पर्धा कमजोर बनाउँछ र भ्रष्टाचारलाई प्रोत्साहन दिन्छ। यसबाट शासन प्रणालीप्रति वितृष्णा ल्याउने र राजनीतिक अस्थिरता र अधिनायकवाद निम्त्याउने जोखिम रहने भएकाले लोकतन्त्रप्रति विश्वासको वतावरण बनाइराख्न जरुरी हुन्छ। जब निर्वाचनमा ठूलो सङ्ख्यामा मत बदर हुन्छ वा मतदानमा सहभागिता कम हुन्छ, त्यतिबेला निर्वाचित प्रतिनिधिले सम्पूर्ण जनताको प्रतिनिधित्व गर्न सक्दैनन्।

विश्वमा लोकतन्त्रलाई परिस्कृत शासन प्रणालीको रूपमा लिने गरिन्छ। लोकतन्त्रको विकल्प भनेको लोकतन्त्र नै हो, जसको निर्णायक भूमिकामा आम नागरिक हुन्छन् र उनीहरूले मताधिकारको माध्यमबाट नै त्यसको प्रयोग गरेका हुन्छन्। कुनै पनि जात, धर्म, लिङ्ग, भाषा वा सामाजिक स्थितिको आधारमा भेदभाव नगरी हरेक बालिग नागरिकलाई मताधिकार सुनिश्चित गरिएको हुन्छ। प्रत्येक नागरिकलाई समानतामा आधारित प्रतिनिधित्वको अनुभव दिलाउँछ अर्थात् प्रत्येक नागरिकलाई निर्णय प्रक्रियामा समान ढङ्गबाट सहभागी हुन, नेतृत्व गर्न र जिम्मेवार बनाउन सशक्त गराउँछ। मिश्रित वा समानुपातिक प्रतिनिधित्व प्रणालीले विविध समुदायको मतलाई प्रतिनिधित्व दिलाउन सहयोग गर्छ। यसले गर्दा मतदातामा मत खेर गएको अनुभूतिलाई कम गर्छ।

लोकतन्त्र केबल संस्थागत संरचनाले मात्र सुदृढ हुन सक्दैन, यसमा सक्रिय नागरिक सहभागिता अनिवार्य हुन्छ। मतदानमा कम सहभागिता, मत खरिद-बिक्री, बदर मतको उच्च सङ्ख्या र निर्वाचन प्रक्रियामा बढ्न गएमा मतदातामा अविश्वासको वातावरण आउन सक्छ। मतदातामा निराशा हुनु भनेको लोकतन्त्र कमजोर हुनु हो। त्यसैले प्रत्येक नागरिकले मतदानलाई अधिकार मात्र होइन, कर्तव्यका रूपमा लिनु पर्दछ। निर्वाचन उम्मेदवार वा दलको नीतिगत मूल्याङ्कन गर्ने अवसर पनि हो। निर्वाचनप्रति जनविश्वास बढाउन राजनीतिक दलहरूले पनि योग्य, इमान्दार र जनउत्तरदायी उम्मेदवार उठाउनुपर्छ। साथै, चुनावी बाचा पूरा गर्ने संस्कृतिको विकास नगर्दासम्म मतदातामा निराशा घट्दैन। राज्यले निष्पक्ष निर्वाचन सुनिश्चित गर्न स्वतन्त्र र सक्षम निर्वाचनको वातावरण तयार गर्नुपर्छ।

नेपालमा सार्वभौम बालिग मताधिकारको पहिलो औपचारिक अभ्यास २०१५ सालको आमनिर्वाचनबाट थालनी भएको हो। यो निर्वाचनले नेपाली नागरिकलाई पहिलोपटक लोकतान्त्रिक प्रक्रियामा सहभागी हुने अवसर दिएको थियो। महिला, दलित, जनजाति, मधेश आदि उपेक्षित वर्ग, समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न मिश्रित निर्वाचन प्रणालीको अभ्यास गरिएको छ। यद्यपि यस अभ्यासको पूर्ण कार्यान्वयनमा अहिले पनि थुप्रै समस्याहरू नभएका होइनन् तर त्यसलाई क्रमशः सुधार गर्दै लैजान सकिन्छ। गत भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनको जगमा यही फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनबाट नयाँ जनप्रतिनिधि आउने मात्र नभई मुलुकलाई नयाँ दिशातर्फ डोऱ्याउने राजमार्ग पनि निर्माण गर्ने हुँदा मतदाताको हातमा देश र जनताको भाग्य र भविष्य अडिएको छ।

नागरिकले आफ्नो मतको महत्व बुझेर सक्रिय रूपमा मतदान गरेको अवस्थामा मात्रै राजनीतिक दल र नेताहरू जनताप्रति उत्तरदायी बन्न बाध्य हुन्छन्। लोकतान्त्रिक निर्वाचनमा जनताको मत खेर जानु भनेको लोकतन्त्रको आत्मा कमजोर हुनु हो। जनताको मत खेर नजाने अवस्था निर्माण गर्नु राज्य, राजनीतिक दल र नागरिक सबैको साझा दायित्व हो र यही दायित्व पूरा हुँदा मात्र लोकतन्त्रले आफ्नो वास्तविक अर्थ पाउँछ। सार्वभौम मताधिकारको प्रयोगले मात्र लोकतन्त्रलाई सुदृढ बनाउनेछ र सबै नागरिकलाई समान अधिकार र अवसरको सुनिश्चित गर्दछ। लोकतन्त्रको शक्ति बन्दुकमा नभई मतपेटिकामा हुने भएकाले निर्वाचनमा नै जनआकाङ्क्षाको वास्तविक प्रतिबिम्ब भएको हुन्छ। त्यसैले प्रत्येक नागरिकले आफ्नो मतको मूल्य बुझेर जिम्मेवार ढङ्गले प्रयोग गर्दा मात्र समावेशी, उत्तरदायी र सुदृढ लोकतन्त्र निर्माण सम्भव हुन्छ। मतको सम्मान नभएसम्म लोकतन्त्र केबल औपचारिक संरचना मात्र बन्न सक्छ।

## विश्व

# अमेरिका-इजरायलको आक्रमणमा मारिएका १ सय ६५ छात्राको सामुहिक अन्त्येष्टि

**काठमाडौं, १९ फागुन ।**
इरानले मिनाबस्थित प्राथमिक विद्यालयमा मारिएका १ सय ६५ जना छात्राहरुको सामुहिक अन्त्येष्टी गरेको टर्किस न्युज एजेन्सी अनाडोलुले जनाएको छ।

अमेरिका र इजरायलले शनिबार गरेको आक्रमणमा परेको उनीहरुको मृत्यु भएको हो। उनीहरुको अन्त्येष्टीमा ठूलो संख्यामा मानिसहरु सरिक भएका थिए।

सोमबार इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्मइल बगाईले अमेरिका-इजरायलले आवासिय क्षेत्र, अस्पताल, विद्यालय, परोपकारी संस्थाहरुका पूर्वाधार र सांस्कृतिक स्मारकहरुलाई पनि निशाना बनाएको आरोप लगाएका छन्। मंगलबार आर्ग स्क्वायरमा आक्रमण भएको थियो।

यसको पराकम्प र छर्राहरु लाग्दा विश्व सम्पदा सुचीमा समावेश गोलेस्तान दरबारमा क्षति पुगेको छ। युनेस्कोले सांस्कृतिक धरोहरमाथि भएको आक्रमणप्रति चिन्ता व्यक्त गरेको छ। सांस्कृतिक धरोहरमाथिको आक्रमण अन्तर्राष्ट्रिय कानुन विपरीत रहेको पनि युनेस्कोले स्मरण गराएको छ।

# मध्यपूर्व युद्धः नागरिकमाथि बढ्दो मारप्रति संयुक्त राष्ट्रसङ्घ स्तब्ध

**जेनेभा, १९ फागुन ।**
मध्यपूर्वमा तीव्र बन्दै गएको युद्धका कारण सर्वसाधारणमाथि परेको गम्भीर मानवीय असरप्रति संयुक्त राष्ट्रसङ्घले गहिरो चिन्ता व्यक्त गरेको छ। संयुक्त राष्ट्रसङ्घका मानवअधिकार उच्चायुक्त भोल्कर टर्कले मङ्गलबार जारी सन्देशमार्फत क्षेत्रभरि फैलिएको डर, आतङ्क र अनिश्चितताले लाखौं मानिसको जीवन असुरक्षित बनाएको बताए।



जेनेभामा आयोजित पत्रकार सम्मेलनमा उनको प्रवक्ता रविना शामदासानीले उच्चायुक्त टर्क 'गहिरो स्तब्ध' भएको जानकारी दिए।

उनले मध्यपूर्व मात्र नभई बाहिरका देशमा समेत यस द्वन्द्वले सिर्जना गरेको मानसिक त्रास र अस्थिरता स्पष्ट देखिएको उल्लेख गरे। "लाखौं मानिसले भोगिरहेको डर, आतङ्क र चिन्ता स्पष्ट छ-र यो अवस्था पूर्णरूपमा टार्न सकिने थियो", उनले भने।

शामदासानीका अनुसार, गत शनिबार इजरायल र संयुक्त राज्य अमेरिकाले इरानमाथि

बाँकी ४ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |
| जिल्ला अस्पताल कालीकोट | : ०८७- |

## आजको राशिफल

**मेष:** आँटले सजिलै लक्ष्यमा पुर्याउनेछ। सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

**वृष:** आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन्। कामको अवसर प्राप्त भए पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ।

**मिथुन:** विभिन्न उपहार प्राप्त हुने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ।

**कर्कट:** अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। आम्दानीका स्रोत बढ्नेछन्।

**सिंह:** रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ।

**कन्या:** खर्चको जोहो गर्न अलि दौडधुप गर्नुपर्ला। अवसरको खोजीमा आफन्त र परिवारबाट टाढिनुपर्ने हुन सक्छ। छर-छिमेकमा असमझदारी बढ्नेछ।

**तुला:** मिहिनेतले राम्रो परिणाम दिलाउनेछ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्य धन आर्जन गर्न सकिनेछ। आँटले ठूलो काम सम्पादन हुनेछ।

**वृश्चिक:** सफलताले हिम्मत दिलाउनेछ। प्रयत्न गर्दा राम्रै काममा जग बसाउने मौका छ। दिगो फाइदा हुने काम प्रारम्भ होला।

**धनु:** सामाजिक उत्तरदायित्व वहन गर्दै फाइदा हुने काम र जिम्मेवारी हात पार्ने मौका छ। तारिफयोग्य कामले धेरैको मन जित्न सकिनेछ।

**मकर:** पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ। हल्लाको पछि लाग्दा दुःख पाइनेछ। तर समस्या दर्साउँदा शुभचिन्तकले साथ दिनेछन्।

**कुम्भ:** राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। विभिन्न सहयोग र उपहार पाइनेछ। मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिने सम्भावना छ।

**मीन:** प्रतिस्पर्धीहरू किनारा लाग्नेछन् भने मुद्दामा पनि विजय सम्भावना छ। रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। संघर्ष गरेरै अधिकार स्थापित गर्न सकिनेछ।

### आगामी हर्मुज नाकाबन्दी :

# भान्सादेखि रेमिट्यान्ससम्म संकटको त्रास

**युग संवाददाता**
**काठमाडौँ, १९ फागुन ।**

२८ फेब्रुअरी २०२६ को बिहान इजरायली र अमेरिकी क्षेप्यास्त्रहरूले इरानको राजधानी तेहरानमा प्रहार गर्दा यसलाई एकथरीले केवल सैन्य आयामहरूमा मात्र हेरेका थिए ।

तर, त्यसको ७२ घण्टाभित्रै विश्वले आर्थिक सुनामीको सामना गर्नुपर्ने सङ्केत देखिन थालेको छ ।

इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनीको मृत्यु र त्यसपछि इरानी क्रान्तिकारी गार्ड (आईआरजीसी) ले विश्वकै सबैभन्दा महत्त्वपूर्ण जलमार्ग 'स्टेट अफ हर्मुज' मा लगाएको अनिश्चितकालीन नाकाबन्दीले विश्व अर्थतन्त्रलाई नै प्रभावित पार्ने देखिएको हो ।




**हर्मुजको घाँटी र वैश्विक नाकाबन्दी**

हर्मुज घाँटी भूगोलको एउटा सानो क्षेत्रफल मात्र भएपनि अवस्थितिका कारण यसमा विश्व अर्थतन्त्रको गति र दिशाको निर्णायक बन्नसक्ने महत्त्व सन्निहित छ । ओमान र इरानको बीचमा रहेको मात्र ३३ किलोमिटर चौडा यो साँघुरो जलमार्गको सामरिक महत्त्व भने असीमित छ ।

मार्च २ देखि इरानी क्रान्तिकारी गार्डले यस जलमार्गमा 'अदृश्य बार' लगाएपछि विश्वको ऊर्जा आपूर्ति प्रणाली नै 'कोल्याप्स' भएको छ । तथ्याङ्का अनुसार विश्वको कुल तेल आपूर्तिको झन्डै २१ प्रतिशत (दैनिक २ करोड ब्यारेल) र विश्वको तरल प्राकृतिक ग्यासको एक तिहाइ हिस्सा यही हर्मुज भएर जान्छ ।

साउदी अरब, इराक, यूएई र कुवेतजस्ता ठुला तेल उत्पादक राष्ट्रहरूका लागि यो निकास र निर्यात मार्ग हो । इरानले यस जलमार्गमा 'सी-माइन' र ' एन्टी-सिप' क्षेप्यास्त्रहरू तैनाथ गरेपछि विश्वका ठुला सिपिङ कम्पनीहरूले आफ्ना ट्याङ्करहरू रोकेका छन् ।

इतिहासमा सन् १९८० को दशकको 'ट्याङ्कर वार' ताका पनि यो मार्ग यति असुरक्षित महसुस गरिएको थिएन । अहिले हर्मुज बन्द हुनुको अर्थ जापान, दक्षिण कोरिया, भारत र चीनजस्ता एसियाली शक्तिहरूको 'इन्धनको लाइन' काटिनु हो ।

अमेरिकी नौसेनाको पाँचौँ फ्लिटले यो मार्ग खोल्न प्रयास गरिरहेको भए पनि इरानको भौगोलिक अवस्थितिले गर्दा यो कार्य निकै चुनौतीपूर्ण बनेको छ । यदि यो जलमार्ग थप एक हप्ता बन्द रहेमा, विश्व बजारमा तेलको मूल्यमा हुने वृद्धिले केवल महँगी मात्र होइन, धेरै देशमा भोकमरी र राजनीतिक अस्थिरतासमेत निम्त्याउने निश्चित छ ।

**ऊर्जा बजारमा प्रलय**

इतिहास साक्षी छ, जब-जब मध्यपूर्वको हावामा बारुदको गन्ध बाक्लोगरी मिसिन्छ, विश्वको भान्सा महँगो हुन्छ ।

तर यसपटकको सङ्कट अभूतपूर्व छ । विश्वको कुल तेल आपूर्तिको झन्डै २१ प्रतिशत (दैनिक २ करोड ब्यारेल) ओसारपसार हुने हर्मुज जलसन्धि अहिले पूर्ण रूपमा युद्धमैदानमा परिणत भएको छ ।

तथ्यांकको अध्ययन गर्ने हो भने फेब्रुअरी २७ सम्म प्रति ब्यारेल ७२ डलरमा कारोबार भइरहेको 'ब्रेन्ट क्रुड' मार्च ३ को बिहानसम्म ९४.५० डलर पुगेको छ । यो तीन दिनमा करिब १०-१५ प्रतिशतको वृद्धि हो ।

यदि इरानले यो नाकाबन्दी अर्को लामो समयसम्म कायम राख्यो भने, गोल्डम्यान स्याक्स र जेपी मोर्गनजस्ता बहुराष्ट्रिय बैङ्कहरूले तेलको मूल्य १५० देखि १८० डलरसम्म पुग्ने प्रक्षेपण गरेका छन् ।

यो वृद्धिले विश्वभरका यातायात, हवाई सेवा र उत्पादन लागतलाई यति महँगो बनाउनेछ कि साधारण नागरिकका लागि जीवनयापन निकै मुस्किल बन्नेछ ।

**युरोपको दयनीय अवस्थाः रेड सी र सेयर बजारको पतन**

युरोपका लागि यो युद्ध नोक्सानको सोपानसरह साबित भएको छ । रुस-युक्रेन युद्धले थलिएको युरोपेली अर्थतन्त्र अहिले मध्यपूर्वको आगोले झन् क्लान्त हुने देखिएको छ ।

हर्मुज बन्द भएपछि र इरानसमर्थित हुथी विद्रोहीहरूले 'रेड सी' मा आक्रमण तीव्र पारेपछि युरोप जाने कार्गो जहाजहरूले अफ्रिकाको 'केप अफ गुड होप' घुमेर जानुपर्ने भएको छ । यसले ढुवानी समय १५ दिन थपेको छ भने इन्धन खर्चमा ४० प्रतिशत वृद्धि गराएको छ ।

मार्च २ मा लन्डनको एफटीएसई १००, जर्मनीको डिएएक्स र फ्रान्सको सीएसी ४० इन्डेक्सहरूमा ३.५ प्रतिशतदेखि ५ प्रतिशतसम्मको गिरावट देखियो । विशेषगरी बीपी र सेलजस्ता ऊर्जा कम्पनीहरूबाहेक अन्य सबै औद्योगिक सेयरहरू गिरावटमा गएको देखिन्छ ।

युरोपमा प्राकृतिक ग्यासको मूल्य ४८ प्रतिशतले बढेको छ । यसले आगामी हिउँदमा युरोपमा ऊर्जा सङ्कट र उच्च मुद्रास्फीतिको खतरा बढेको छ ।

**अग्निपरीक्षामा एसियाली शक्ति**

एसियाका दुई उदयीमान अर्थतन्त्र भारत र चीनका लागि यो युद्ध एउटा ठुलो अवरोध बनेको छ ।

भारतले आफ्नो कच्चा तेलको ८५ प्रतिशत आयात गर्छ, जसमध्ये ठूलो हिस्सा खाडी मुलुकबाट आउँछ । हर्मुज बन्द हुनुको अर्थ भारतका लागि इन्धनको हाहाकार हुनु हो । भारतका प्लास्टिक, फर्टिलाइजर र अटोमोबाइल उद्योग इन्धन र कच्चा पदार्थको अभावमा बन्द हुने अवस्थामा पुगेका छन् ।

तेल किन्नका लागि डलरको माग बढ्दा भारतीय रुपैयाँ डलरको तुलनामा ९२ सम्म पुग्ने जोखिम बढेको छ । यसले भारतको वैदेशिक मुद्रा सञ्चितिमा ठुलो खाडल बनाउनेछ ।

चीन विश्वकै सबैभन्दा ठूलो तेल आयातकर्ता हो । चीनले इरानबाट दैनिक १० लाख ब्यारेल तेल 'स्याडो फ्लिट'मार्फत सस्तोमा किन्ने गरेको थियो । अहिले अमेरिका र इजरायलले इरानी तेल टर्मिनलहरूमा प्रहार गरेपछि चीनको ऊर्जा सुरक्षा खतरामा परेको छ । चीनका 'टी-पट' भनिने साना रिफाइनरीहरू बन्द हुन थालेका छन्, जसले चीनको औद्योगिक उत्पादनमा ४ प्रतिशतसम्मको गिरावट ल्याउन सक्छ ।

**रुसको भूमिका : सक्तटमा अवसर कि चुनौती ?**

धेरैले रुसलाई यो युद्धको फाइदा उठाउने देशका रूपमा हेरेका छन् । तर यथार्थ फरक छ ।

रुसले आफ्नो तेल चीन र भारतलाई बेचेर नाफा कमाउन खोजे पनि ढुवानीका लागि आवश्यक पाइपलाइन र जहाजहरूको अभाव छ । रुसले युरोपमा ग्यास र तेल पठाउने पाइपलाइनहरू दशकौँ लगाएर बनाएको थियो । तर एसिया (विशेषगरी चीन र भारत) तर्फ जाने 'पावर अफ साइबेरिया-२' जस्ता पाइपलाइनहरू अझै पूर्ण क्षमतामा छैनन् ।

साथै, रुस आफैँ युक्रेन युद्धमा अल्झिएकाले मध्यपूर्वको यो महायुद्धले रुसलाई पनि असुरक्षित बनाइदिएको छ । रुसी ऊर्जा क्षेत्रका विश्लेषकहरू भन्छन्- 'तेल महँगो हुनु रुसका लागि राम्रो हो, तर विश्वव्यापी आर्थिक मन्दीले माग नै घटाइदियो भने रुसको आम्दानी पनि कोल्याप्स हुनेछ ।'

**ऐतिहासिक पृष्ठभूमि : १९७३ को प्रतिध्वनि**

यो सङ्कट बुझ्न सन् १९७३ को 'ओपेक तेल नाकाबन्दी' लाई सम्झनुपर्छ । त्यतिबेला अरब राष्ट्रहरूले इजरायललाई सहयोग गर्ने देशहरूलाई तेल दिन बन्द गर्दा विश्वभरि पेट्रोल पम्पहरूमा लाइन लागेको थियो र मुद्रास्फीति ४०० प्रतिशतले बढेको थियो ।

सन् १९८० को दशकको इरान-इराक युद्धका बेला पनि 'ट्याङ्कर वार' भएको थियो । तर, सन् २०२६ को यो युद्ध अझ बढी खतरनाक छ किनकि आजको विश्व 'डिजिटल' र भूमण्डलीकृत छ । एउटा सेमिकन्डक्टर चिपको अभावले विश्वभरका कार र कम्प्युटर उत्पादन रोकिनसक्छ ।

**आगामी दिनको प्रक्षेपण**

सन् २०२६ को अन्त्यसम्ममा विश्वको कुल गार्हस्थ उत्पादन (जीडीपी) वृद्धिदर १.५ प्रतिशतमा खुम्चिनेछ । धेरै विकसित देशहरू आधिकारिक रूपमा मन्दीमा जानेछन् । यसले विश्वव्यापी मन्दी निम्त्याउने देखिन्छ ।

इन्धन महँगो हुँदा मल उत्पादन घट्नेछ र ढुवानी खर्च बढ्नेछ । यसले गर्दा अफ्रिका र दक्षिण एशियाका गरिब मुलुकहरूमा अनिकाल लाग्न सक्नेछ ।

अमेरिका र इजरायलले इरानमाथि सैन्य विजय प्राप्त गरे पनि आर्थिक रूपमा यो युद्धले 'पेट्रो-डलर' को प्रभुत्वलाई कमजोर बनाउनसक्छ । चीन र रुसले आफ्नै वैकल्पिक भुक्तानी प्रणालीको रूपमा 'ब्रिक्स करेन्सी' लाई तीव्र गतिमा अघि बढाउनेछन् ।

**नेपालमा कस्तो प्रभाव पार्ला ?**

नेपालको जीडीपीमा करिब २५ प्रतिशत योगदान रेमिट्यान्सले पुऱ्याउँछ । रेमिट्यान्सको झन्डै ५२ प्रतिशत हिस्सा मध्यपूर्वका १० वटा देशहरूबाट आउँछ । हाल साउदी अरब, कतार, यूएई, कुवेत, बहराइन र ओमानमा गरी करिब १९ लाख नेपाली कार्यरत छन् । इजरायलमा करिब ६ हजार ५०० नेपाली छन् ।

इरानले खाडीका अमेरिकी सैन्य अखडा र तेल सुविधाहरू (जस्तैः साउदीको रास तनुरा) मा प्रहार गरेपछि त्यहाँ कार्यरत नेपालीहरू प्रत्यक्ष जोखिममा परेका छन् । मार्च १ देखि सरकारले इजरायल, इरान र जोखिमयुक्त खाडी क्षेत्रका लागि नयाँ श्रम स्वीकृति दिन अस्थायी रूपमा बन्द गरेको छ ।

नेपाल पूर्ण रूपमा भारतीय आयल कर्पोरेसन (आईओसी) मार्फत इन्धनमा निर्भर छ । तर भारत आफैँले ८५ प्रतिशत तेल मध्यपूर्वबाट आयात गर्ने र हर्मुज जलसन्धि बन्द भएकाले नेपालमा इन्धनको सहज सेवा सुलभ हुने देखिएको छैन । अन्तर्राष्ट्रिय बजारमा तेलको भाउ ८० डलर नाघेकाले नेपालमा पेट्रोल र डिजेलको मूल्यमा वृद्धि तत्कालै हुने देखिएको छ ।

नेपालले उपभोग गर्ने खाद्यान्न, औषधि र निर्माण सामग्रीको ठुलो हिस्सा आयात गरिन्छ । ढुवानी खर्चमा भएको ५० प्रतिशतसम्मको वृद्धिका कारण बजारमा दैनिक उपभोग्य वस्तुको मूल्य अकासिएको छ ।

सन् २०२४ र २०२५ मा लयमा फर्किएको नेपालको पर्यटन क्षेत्र फेब्रुअरी २८ को घटनापछि पुनः सङ्कटमा परेको छ । मध्यपूर्वको आकाश बन्द हुँदा युरोप र अमेरिकाबाट आउने पर्यटकहरूका लागि नेपाल आउने मुख्य ट्रान्जिट (दोहा, दुबई, इस्तानबुल) प्रभावित भएका छन् । *(अनलाइन खबर)*

## आचारसंहिता...

अनुगमन अधिकृत डिलबहादुर कार्कीले बताए । उनले आचारसंहिता पालना गराउन अनुगमनको पाटोलाई व्यापक बनाइएको दावी गरे । उनका अनुसार मौन अवधिभर निर्वाचन प्रचार प्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तरकिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न पाइँदैन । यस्तो कार्य गरिएको फेला परे आचारसंहिताअनुसार कारवाही गरिने उनले बताए ।

त्यस्तै, मतदान हुने दिनको ४८ घण्टा अघिदेखि मतदानस्थलको तीन सय मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचार प्रसारका सामग्रीहरु हटाउनु पर्ने हुन्छ । 'कुनै पनि विधि, प्रकृया वा माध्यामबाट मत माग्न र निर्वाचन प्रचार-प्रसार गर्न नहुने, कृतिम बौद्धिकमत्ता (एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचार-प्रसारका सामग्रीहरु पोष्ट वा शेयर गर्न वा गराउन वा प्रतिक्रिया दिन नहुने,' आयोगले जारी गरेको निर्वाचन आचारसंहितामा भनिएको छ ।

त्यस्तै, मतदान केन्द्रमा राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधिले निर्वाचन चिन्ह, उम्मेदवारको तस्बिर अंकित भएको पहिरन या व्याच, टिसर्ट, क्याप, गम्छा आदि बोक्न, देखाउन र लगाउन नहुने, कुनै पनि किसिमको सवारी साधन प्रयोग गरी आवतजावत गर्न वा कसैलाई लैजाने वा ल्याउने कार्य गर्न नहुने आचारसंहितामा भनिएको छ ।

तर हिँड्डुल गर्न नसक्ने गर्भवती महिला, सुत्केरी, साथमा आफ्नै बच्चा बोकेकी महिला, क्रियापुत्री, शारीरिक रुपले अशक्त वा अपाङ्गता भएका व्यक्ति, हिँडडुल गर्न नसक्ने जेष्ठ नागरीक लगायतका मतदाताको हकमा मुख्य निर्वाचन अधिकृतले अनुमति दिएको सवारी साधन प्रयोग गर्न बाधा नपर्ने आचारसंहिता अनुगमन अधिकृत कार्कीले बताए ।

मतदाता वा आयोगले अनुमति दिएका व्यक्ति वा अधिकारी वाहेक अन्य कुनै पनि व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न पनि नुहने उनले बताए । निर्वाचन आचारसंहिता २०८२ विपरित कार्य भएको पाइएमा तत्काल कानुन बमोजिम कारवाही हुने उनले बताए ।

## प्रदेश निर्वाचन सुरक्षा समितिद्वारा सीमा र मतदानस्थलको निरीक्षण

**युग संवाददाता**
**कञ्चनपुर, १९ फागुन ।**

सुदूरपश्चिम प्रदेश निर्वाचन सुरक्षा समितिले भारतसँग जोडिएको कञ्चनपुरको गड्डाचौकी नाका तथा भीमदत्त र दोधारा चाँदनीका विभिन्न मतदानस्थलको स्थलगत निरीक्षण गरेको छ । सुदूरपश्चिम प्रदेशका मुख्य सचिव वैकुण्ठप्रसाद अर्याल, प्रदेश प्रहरी प्रमुख ओमबहादुर राना, सशस्त्र प्रहरी बल वैद्यनाथ बाहिनीका निमित्त बाहिनीपति दिग्विजय सुवेदीलगायत सुरक्षा निकायका प्रदेश प्रमुखहरूको टोलीले आज सीमा क्षेत्र र मतदानस्थलको सुरक्षा अवस्थाबारे स्थलगत अनुगमन गरेको हो ।

बिहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सोमबार मध्यरातदेखि नै सीमा नाका सिल गरिएको छ । अत्यावश्यक सेवासँग सम्बन्धित आवागमन बाहेक अन्य आवागमनमा रोक लगाइएको छ ।

## त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट १६ अन्तर्राष्ट्रिय उडान रद्द, आठ हजारभन्दा बढी यात्रु दोहामा अलपत्र

**युग संवाददाता**
**काठमाण्डौ, १८ फागुन ।**

मध्यपूर्वी देशहरूमा चर्किएको युद्ध र हवाई क्षेत्र बन्दका कारण नेपालको अन्तर्राष्ट्रिय उडान तालिका निरन्तर प्रभावित भइरहेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयका अनुसार मंगलबार पनि पूर्वनिर्धारित १६ अन्तर्राष्ट्रिय उडान रद्द भएका छन् ।

आज जजीरा एयरलाइन्स, कुवेत एयरलाइन्स, एअर अरेबिया, फ्लाइ दुवई, नेपाल एयरलाइन्स, कतार एयरवेज र हिमालय एयरलाइन्सका काठमाडौंका निर्धारित उडान रद्द भएका हुन् ।

कुवेत, सारजहाँ, आबुधावी, दुबई र दोहाका उडानहरू प्रभावित भएका छन् । विमानस्थल कार्यालयका अनुसार मध्यपूर्वी गन्तव्यबाहेक अन्य मुलुकतर्फका उडान भने सामान्य रूपमा सञ्चालन भइरहेका छन् ।

कार्यालयले जनाएअनुसार कतार, यूएई, कुवेत, इरान, इराक, इजरायल, जोर्डन, लेबनान र बहराइनको हवाई क्षेत्र आज पनि बन्द रहेको छ । यसअघि सोमबार पनि १६ अन्तर्राष्ट्रिय उडान रद्द भएका थिए । यसैबीच मध्यपूर्वमा बढ्दो युद्धको त्रासदीबीच विश्वका विभिन्न देशबाट यात्रा गर्ने आठ हजारभन्दा बढी यात्रु दोहास्थित ट्रान्जिटमा रोकिएको बताइएको छ । कतार सरकारका अनुसार कतार एयरवेजलगायत विभिन्न एयरलाइन्सबाट यात्रा गरिरहेका यात्रुहरू विमानस्थल सञ्चालन अवरुद्ध भएपछि ट्रान्जिटमै रोकिएका हुन् ।

कतारी विदेश मन्त्रालयले हमाद इन्टरनेसनल एयरपोर्टमा इरानले गर्न खोजेको आक्रमण प्रयास असफल पारिएको दाबी गरेको छ ।

यसैबीच, इरानले कतारसहित अमेरिकी सेनाका आधार शिविर रहेका खाडी मुलुकहरूमा हमला जारी राखेको जनाएको छ ।

## कालीकोटका सबै मतदान केन्द्रमा निर्वाचन सामग्री पुऱ्याइयो

**युग संवाददाता**
**कालीकोट, १९ फागुन ।**

कालीकोट जिल्लाका १२८ वटै मतदान केन्द्रमा निर्वाचन सामग्री पुऱ्याइएको छ । प्रमुख निर्वाचन अधिकृतको कार्यालयले सबै मतदान केन्द्रमा मतदान सामग्री पुऱ्याइएको सहायक निर्वाचन अधिकृत सुनिलकुमार खाँणले जानकारी दिए ।

जिल्लामा १२७ स्थायी र एक अस्थायी मतदान केन्द्र गरेर १२८ केन्द्र रहेका छन् । "जिल्लाका दुर्गम तथा हिमाली क्षेत्रका मतदान केन्द्रसम्म मतपेटिका, मतपत्र, छाप, मतदाता नामावली, गोप्य कक्ष निर्माण सामग्रीलगायतका अत्यावश्यक सामान ढुवानी गरि सकिएको छ," सहायक निर्वाचन अधिकृत खाँणले भने । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र निर्वाचन प्रहरी परिचालन गरी मतदान केन्द्रको सुरक्षा सुनिश्चित गरिएको उनले बताए ।

## राष्ट्रिय परिचयपत्र वा राहदानी पनि मतदानमा मान्य हुने

**युग संवाददाता**
**काठमाडौँ, १९ फागुन ।**

प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदान गर्न मतदाताले आफ्नो मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र साथै लिएर मतदान केन्द्रमा जानुपर्ने निर्वाचन आयोगले जनाएको छ ।

यही फागुन २१ गते हुने निर्वाचनमा राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपुर्जा वा सवारी चालक अनुमतिपत्र पनि मतदानका निम्ति मान्य हुने आयोगले बताएको छ ।

आयोगले सार्वजनिक गरेको अन्तिम मदाता नामावलीमा नाम भएका र यही फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदाताले निर्वाचनमा तोकिएको मतदान केन्द्रमा गई मतदान गर्न पाउनेछन् ।

## के नेपालको बैंकिङ प्रणालीमा रहेको अधिक तरलताले जोखिम निम्त्याइरहेको छ ?




**युग संवाददाता**
**काठमाडौँ, १९ फागुन ।**

नेपाल राष्ट्र बैंकले बाहिर तर्कवितर्क भइरहे जस्तो नेपाल 'लिक्विडिटी ट्र्याप' अर्थात् अधिक तरलताको जोखिममा नरहेको स्पष्ट पारेको छ ।

राष्ट्र बैंकले माइक्रोइकोनोमिक रिपोर्ट २०२६ सार्वजनिक गर्दै यस्तो बताएको हो । राष्ट्र बैंकको प्रतिवेदनमा भनिएको छ, 'केहीले नेपाल 'लिक्विडिटी ट्र्याप' को अवस्थामा पुगेको तर्क गरे पनि हाम्रो विश्लेषणले त्यसलाई पुष्टि गर्दैन ।'

'लिक्विडिटी ट्र्याप' मा सुरूमा अन्तरबैंक ब्याजदर घट्दै जाने र न्यून स्तरमा यो स्थिर हुन थाल्ने मानिन्छ ।

ब्याजदरलाई सीमामा राख्न प्रयोगमा रहेको ब्याजदर कोरिडोरको तल्लो सीमामा राष्ट्र बैंकबाट बैंकहरूले पैसा राख्दा पाउने ब्याजदरलाई राखेको छ ।

यही कारण अहिले अन्तरबैंक ब्याजदर पनि यही हाराहारी (करिब तीन प्रतिशत) मा छ ।

यही कारण अहिले लिक्विडिटी ट्र्यापको कारण नभई ब्याजदर कोरिडोरको कारण अन्तर बैंक ब्याजदर स्थिर रही रहेको राष्ट्र बैंकले उल्लेख गरेको छ ।

यही कारण नै अन्तरबैंक ब्याजदरमा तरलताको सीमित मात्र प्रभाव रहेको तर्क राष्ट्र बैंकले गरेको छ । अधिक तरलताले रिजर्भ सापटी लिने तथा दिने प्रोत्साहन घटाउँछ र यसले बैंक तथा वित्तीय संस्थाहरूबीचको अन्तरबैंक कारोबारको उत्साह पनि कम गर्न सक्छ ।

न्यून अन्तरबैंक दर रहेको समयमा बैंकिङ प्रणालीमा पर्याप्त तरलता रहेको देखिएर 'लिक्विडिटी ट्र्याप' जस्तै देखिए पनि सैद्धान्तिक रूपमा व्याख्या गरिने 'लिक्विडिटी ट्र्याप' नभएको स्पष्ट पारेको छ ।

बैंकहरूको कर्जा विस्तारको लागि पुँजी उपलब्धता र लगानीमा आउने कमीले 'लिक्विडिटी ट्र्याप' जस्तो अवस्था देखाएको हुनसक्ने राष्ट्र बैंकले उल्लेख गरेको छ ।

यसरी कर्जा विस्तारमा कमी आउनुमा यसअघि नै अधिक कर्जा लगानी भएको वा बैंकहरूले वित्तीय विवरणमा सुधार गरिरहेका कारण आएको हुन सक्ने बताएको छ ।

कोभिडको समयमा भएको उच्च कर्जा लगानी र उच्च कर्जा लगानीको कारण बढेको आयात र विदेशी मुद्राको सञ्चितिमा भएको ह्रास नियन्त्रण गर्न राष्ट्र बैंकले चालु पुँजी कर्जामा गरेको कडाइ लगायतले सो समय अधिक लगानी नियन्त्रणमा आएको उल्लेख गरेको छ । तर, पछिल्लो समय सन्तुलित मौद्रिक नीति ल्याउँदा, बजारमा पर्याप्त तरलता रहँदा र ब्याजदर न्यून अवस्थामा आउँदा पनि कर्जा लगानी बढ्न नसकिरहेको राष्ट्र बैंकले बताएको छ ।

त्यस्तै, बैंकहरूको खराब कर्जा बढेको, धेरै मानिसहरू कालो सूचीमा परेको र सरकारी खर्चमा सुधार नभएको र पछिल्लो समय भएका विरोधको कारण लगानी वातावरण खलबलिएकोले पनि कर्जा लगानी विस्तार हुन नसकिरहेको राष्ट्र बैंकको विश्लेषण छ ।

उच्च रेमिटेन्सका कारण अझै पनि तरलता पर्याप्त रहने भए पनि तरलता व्यवस्थापनको प्रभावकारी कार्यान्वयन गरेर राष्ट्र बैंकले ब्याजदर स्थिर राख्ने बताएको छ ।

कर्जा लगानीमा सुधार हुन विशेषगरी निर्वाचनपछिको सार्वजनिक (बजेट) खर्च वृद्धि र लगानी वातावरण सुधारमा निर्भर रहने राष्ट्र बैंकको भनाइ छ ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

## मध्यपूर्व...

आक्रमण गरेपछि स्थिति झन् जटिल बनेको छ। त्यसको प्रतिक्रिया स्वरूप इरानले क्षेत्रका विभिन्न राज्यविरुद्ध कदम चालेको र हिजबुल्लाहसमेत द्वन्द्वमा प्रवेश गरेको घटनाले नागरिक तथा नागरिक पूर्वाधारमाथि व्यापक प्रभाव पारेको उनले बताए। "स्थिति प्रत्येक घण्टासँगै बिग्रँदै र फराकिलो बन्दै गएको छ, जसले हाम्रो सबैभन्दा खराब आशङ्कालाई सतहमा ल्याइरहेको छ", उहाँले स्पष्ट गरे।

उच्चायुक्त टर्कले युद्धसम्बन्धी अन्तर्राष्ट्रिय कानूनको स्मरण गराउँदै नागरिक र नागरिक वस्तु सुरक्षित राखिनुपर्ने दायित्व सबै पक्षको भएको दोहोयाए। सबै राज्य तथा सशस्त्र समूहले कानूनी दायित्वको पूर्ण पालना गर्नुपर्ने उनको आग्रह छ। उहाँले सबै पक्षलाई अधिकतम संयम अपनाउन, थप सैन्य विस्तार रोक्न र नागरिक तथा महत्त्वपूर्ण पूर्वाधारको संरक्षणका लागि सम्भव सबै उपाय अवलम्बन गर्न आह्वान गरे।

बढ्दो हिंसा र प्रतिशोधको चक्रले क्षेत्रीय स्थायित्वलाई मात्र नभई, मानवीय अवस्थालाई पनि झन् भयावह बनाउने चेतावनी उनले दिए। "वार्ताको टेबलमा फर्कनु नै हत्या, विनाश र निराशाको अन्त्य गर्ने एक मात्र उपाय हो", शामदासानीले उच्चायुक्तको भनाइ उद्धृत गर्दै भने, "उच्चायुक्तले सबै पक्षलाई होशमा आउन र यो हिंसा अन्त्य गर्न आग्रह गर्नु भएको छ।"

# कर्णाली नदी बगरमा लोभलाग्दो प्याजखेती

**◣युग संवाददाता**
**कैलाली, १९ फागुन ।**

टीकापुर नगरपालिका-८ का पुनिराम थारू पाँच वर्ष पहिलेदेखि कर्णाली नदीको किनारमा बगरखेती गर्दै आएका छन्। सिँचाइको सहजता हुने र उत्पादन पनि राम्रो दिने भएपछि उनले कर्णाली नदी किनार तथा टापुको सदुपयोग गर्दै खेती गर्दै आएका हुन।

उनले त्यस क्षेत्रमा प्याजखेतीलाई प्राथमिकता दिएका छन्। उनको प्याजखेती निकै लोभलाग्दो छ। बर्सेनि १० देखि १२ क्विन्टल प्याज नदी टापुबाट उत्पादन गर्दै आएका उनले प्याजसँगै धनिया, मकै, बन्दागोभी, टमाटरसमेत उत्पादन गरेका छन्। "बालुवामा प्याजले राम्रो उत्पादन दिन्छ। प्याजलाई सिँचाइ धेरै चाहिने हुँदा सिँचाइको सहजता हुँदा प्याज राम्रो उत्पादन हुन्छ।"

उनी भन्छन्, "खाली खेर गइरहेको बगरको सदुपयोग भएको छ, स्थानीयको आम्दानीको स्रोत बनेको छ।" कैलालीको टीकापुर र बर्दियाको राजापुर नगरपालिका जोड्ने सत्ती पुल आसपास क्षेत्रमा आजभोलि हरियाली छ। ढुङ्गा नभएको बालुवा भएको क्षेत्रमा सानासाना प्लट बनाइएका छन्। जहाँ लहरै प्याजको खेती छ।



वडा नं ८ फाँटागाउँका ५०-६० घरपरिवारले कर्णाली नदी किनार तथा टापुमा प्याजखेती गर्दै आएका छन्। बर्सेनि उक्त सङ्ख्या बढ्दै गएको देखिन्छ। बगरबाट बर्सेनि लगभग ७०० क्विन्टल बढी प्याज उत्पादन हुने गरेको छ।

"एक परिवारले न्यूनतम पाँच-छ क्विन्टल प्याज उत्पादन गर्नुहुन्छ। उत्पादन सोचेभन्दा राम्रो हुन्छ।" स्थानीय सम्झनी चौधरी भन्नुहुन्छ, "अहिले बगरमा खेती गर्ने किसानको सङ्ख्या पनि बढेको छ। पहिलेको भन्दा क्षेत्र पनि बढेको छ।" उनले अन्य खेतबारीमा लगाएको प्याजभन्दा बगरमा गरेको प्याजको उत्पादन राम्रो हुने गरेको बताए। टीकापुर नगरपालिका-८ बटनपुरकी सम्पुर्नी चौधरीले पहिलोपटक नदीको टापुमा प्याजखेती गरेका छन्। गत वर्ष अरुले खेती गरेको देखेर यसपटक पाँच केजी प्याज लगाउनुभएकी उहाँ सोचेभन्दा राम्रो उत्पादन दिनेमा विश्वस्त छन्। हरेक बिहान प्याज सिँचाइ गर्न पुग्नुहुने सम्पुर्नीलाई आजभोलि अलि बढी खेती गरेको भए हुने थियो भन्ने लागेको छ। "मैले अपेक्षा गरेभन्दा राम्रो गरी प्याज फस्टाएको छ। बालुवाभित्रको जमिन ओसिलो हुने हुँदा होला, घामपानीको मात्रा मिलेको देखिन्छ", सम्पुर्नी भन्छन, "मैले घरमा लगाएको प्याजभन्दा राम्रो बगरको भएको छ।"

बटनपुरकै पहारी चौधरीले पनि पहिलोपटक बगरमा प्याजखेती सुरु गरेका छन्। खेर गइरहेको बगरबाट उत्पादन हुन्छ भन्ने थाहा पाएपछि उनले आफूलाई घरका लागि चाहिने जति प्याज रोपेका छन्। "मलाई बिक्री गरेर आम्दानी गर्नुभन्दा पनि आफूलाई वर्षभरी पुग्ने प्याज उत्पादन भए पुग्छ", उनी भन्छन, "बरु अर्को वर्ष बिक्री गर्नेगरी लगाउनुपर्ला।" बगरमा नयाँ किसानले परीक्षण गर्न भन्दै प्याजखेती गर्ने गरेको भए पनि विगतदेखि खेती गर्दै आउनुभएका किसानले व्यावसायिक रूपमा नै बगरको सदुपयोग गर्दै आएका छन्। खेती गरेबापत कसैलाई केही दिन नपर्ने भएपछि किसानले झन् उत्साहित भएर खेती विस्तार गर्दै आएका छन्।

अस्वाभाविक रूपमा बगरबाट आम्दानी गर्न थालेपछि त्यस क्षेत्रका नागरिकहरू निकै उत्साहित छन्। सामान्य मलखाद अनि कम मिहेनतले राम्रो आम्दानी हुने गरेको छ। वर्षातको समयमा त्यहीँ कर्णाली नदीका कारण रातभर जाग्राम बस्ने वस्ती आजभोलि त्यहीँ कर्णाली नदीका बालुवाका फाँटको उत्पादनले वर्षातको पीडा बिर्सने गरेका छन्। "वर्षातको समयमा यहीँ कर्णालीको बेगले जतिबेला जे पनि हुनसक्छ भन्ने चिन्ताले सताउने गर्छ। हिउँदमा निदाएको कर्णालीले स्थानीयलाई राम्रो आम्दानी दिँदै आएको छ।" स्थानीय बृहस्पति थरूनी भन्छन, "किसान आजभोलि त्यो बर्खाको दुःख सम्झँदैनन्, बर्खामा आजभोलि दिने उत्पादन बिर्सन्छन्।"

## घुयँत्रो

सॉच्चै २१ गते चुनाब सक्केछि एमालेले कर्नालियाँ काँग्रेसशीत मिलेर सरकार नबनाउने त होला हैन। काँ चुनाबि प्रचार प्रसारका बेलाँ मुख्यमन्त्री यामलाल कँडेल जीले भविष्यलाई बाँकी नै नराख्ने गरि गालि गरे भन्छन। त्यसो त यामलालजी काँग्रेस भनेभि्क पटक्कै निको मान्दैनन। उनको चाहना काँग्रेसशीत मिलेर सरकार चलाउन भन्दा माओवादिसितै मिलेर सरकार चलाउने भन्ने हो तर वलिका कारण जबर जस्ती काँग्रेसशीत मिल्या हुन। आँफुले सँधैभरि दुस्मन देख्ने पाटिलाई साथाँलेर हिन्न यामलाल जीलाई यो ३ वर्षा सारै सकस भो। खेलकुदका कुरा हुनकि बजेटका या हुन शिक्षाका ती सबैमा सँधैभरि बाझाबाझ गरेर कँडेल जीले सरकारलाई ह्याँसम्म ल्याउनुभो। विकाश निर्माणमा १६ देखि २४ प्रतिसत रकम खर्च गरेर अत्यन्त सफल मुख्यमन्त्रीका रुपाँ एमालेभित्र लोकप्रिय र सफल मुख्यन्त्रीका रुपाँ चर्चा पाएका याम लाल कँडेल चुनाबमा वलिले हारेभने स्वतह आफ्नै निर्णयमा काँग्रेसको साथ छोडेर बाँकि २ बर्ष माओवादिसित गठबन्धन गरेर मुख्यमन्त्रीका रुपाँ विराजमान भै रहने छन भने वलिले चुनाब जिते भनेनि उनलाई फकाएर अब काँग्रेसको साथ नलिने र यस्ता अयोग्य मान्छेलाई लिएर सरकारमा बसीरहँदा दलकै साख नरहने कुरामा वलिलाई कन्भिन्स गरेर भएनि अबको २ बर्ष आफ्नै जातभात र बर्ग मिल्ने माओवादिलाई साथमा लिएर भएनि कर्नालि सरकार चलाउने कुराँ शंका छैन। एक त चुनाबको सबैभन्दा नजउकको शत्रु एमालेका लागि काँग्रेस नै हो। चुनाबमा गर्नु परेको संघर्ष र मत परिणामले देखाउने नतिजालेनि एमालेको शत्रु भनेको काँग्रेस नै हो। अँझ भएन भनेर काँग्रेसका सभापति गगन थापा त कैल्यै पनि एमालेसपतको गठबन्धनमा तयार छैनन। उनी हिजो होस कि आज गठबन्धन गरेर वा मिलेर सरकार बनाउने पक्षमा छैनन। यसकारण पनि केन्द्रमा बन्ने नयाँ समिकरणका आधारमा नि पर्देश सरकारहरु बन्ने सम्भावना छ। त्यसैलेनि काँग्रेसीहरुले एमालेलाई सरकार चलाउन दिए अबको सरकार त्यसैगरि चल्छ भन्ने छैन। काँग्रेसले चाहेर पनि अब एमालेको सरकारमा बस्न पाउँदैनन। चुनाबका बेला भरपुर गाली पाएका र काँग्रेसीहरुको खिल्लि उडाएको देखिदेखि पनि मन्त्रीहरु दङ्ग परेर हेरे पनि अन्य कार्यकर्ताहरुचाहि एमालेसपत रुष्ठनै देखिन्छन। कार्यकर्ताको वपरोध रहेमा मन्त्रीहरु मन्त्रीबाट फर्किनु पर्ने त छँदैछ तर पनि याम लालले जतप वेज्जति गरेपनि त्यो बेज्जति सहेर भएनि अरु २ बर्षनि झण्डा हल्लाउने रहर पूरा गर्न पाएदेखि याम लाललाई भगवानै मान्नु हुन्थ्यो भन्नेमा पनि केही मन्त्री छन। जब याम लालनै काँग्रेस सित गठबन्धन गर्न तयार भएनन भने चाईं केही मन्त्रीहरुको चाहनामा तुषारापात हुने निश्चित छ। खेलकुद सदस्य सचिव नियुक्त गर्न नपाएकोमा मुख्यमन्त्री फायर छन। उनको चाहना सदस्यसचिव आफ्नो मान्छे नियुक्त गरेर खेलकुदमा हैकम चलाउने र यसपछि आउने चुनाबमा तिनै खेलाडीलाई प्रयोग गरेर चुनाब प्रचारमा सहजता ल्याउने र १०/२० लाई जागिर पनि खुवाउन र स्वयंसेवकका नाममा कार्यकर्ता भर्ति गर्न पाईने भएकाले पनि सदस्यसचिव आफ्नो मान्छे बनाउने दाउमा लाग्दा लाग्दै नि काँग्रेसी मन्त्रीले बाटो नदिएछि मुख्यमन्त्री काँग्रेसीहरुसित फायर छन। त्यसैले पनि अब काँग्रेसलाई लिएर हैनकि माओवादिलाई लिएर कर्नालिमा एमाले सरकार बनाउने खेलमा छ। हेरौं माओवादिहरु षामलालको प्रस्तावमा सकारात्मक हुन्छन हुँदैनन समयले बताउला।

# सुदूरपश्चिममा निर्वाचनको तयारी पूरा

**◣युग संवाददाता**
**धनगढी, १९ फागुन ।**

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सुदूरपश्चिम प्रदेशका जिल्लामा तयारी पूरा भएको छ। प्रदेश निर्वाचन कार्यालय कैलालीका प्रमुख प्रेमराज भट्टले निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको जनाउँदै सोमबारदेखि सबै मतदानस्थलमा खटाइएको बताए।

उनका अनुसार मतदानस्थलमा पुगेका मतदान अधिकृतको टोलीले सोमबार निर्वाचनसम्बन्धी सूचना टाँस गरेको छ। प्रदेशका नौ जिल्लाका प्रतिनिधिसभाका १६ वटा निर्वाचन क्षेत्रमा १७ लाख १६ हजार ६६० मतदाता रहेका भट्टले जानकारी दिए। उनका अनुसार प्रदेशभरि एक हजार १७६ मतदानस्थल र दुई हजार १९९ मतदान केन्द्रको व्यवस्था गरिएको छ।

**कञ्चनपुरमा निर्वाचन सामग्रीसहित कर्मचारी मतदान केन्द्रमा**

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कञ्चनपुरमा निर्वाचन सामग्रीसहित मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी तथा सुरक्षाकर्मी सम्बन्धित मतदान केन्द्रमा पुगेका छन्। जिल्लाका तीनवटा निर्वाचन क्षेत्रमा खटिएका कर्मचारीले निर्वाचन अधिकृतको कार्यालयबाट मतपत्र, मतपेटिका, छाप, मतदाता नामावलीलगायत आवश्यक सामग्री बुझेर आआफ्नो मतदान केन्द्रमा पुगेका हुन्।

मतदान केन्द्रमा पुगेपछि कर्मचारीहरूले केन्द्र व्यवस्थापन, मतदानकक्ष तयारी, मतदाता सहायता डेस्क स्थापना तथा सुरक्षा समन्वयको कार्य अघि बढाएका छन्। जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी हरिशचन्द्र जोशीका अनुसार सबै मतदान केन्द्रमा आवश्यक सामग्री सुरक्षित रूपमा पुर्‍याइएको छ भने मतदान प्रक्रिया शान्तिपूर्ण र व्यवस्थित बनाउन आवश्यक तयारी पूरा भएको छ।

निर्वाचन लक्षित सुरक्षा योजनाअनुरूप नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना र राष्ट्रिय अनुसन्धान विभागका सुरक्षाकर्मी मतदान केन्द्रमा खटिएका छन् भने संयुक्त तथा एकल गस्तीसमेत सञ्चालनमा ल्याइएको छ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७७८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
Bhawani Auto Workshop
BC Group
Birendranagar-Surkhet
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA
Servicing | Repair | Denting | Panting | Washing
हाम्रा सेवाहरु
✓ गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
✓ चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
✓ बाटोमा, घरमा गाडी विग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
✓ डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
✓ गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
✓ सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।